मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश सरकार विराटनगर, नेपाल

प्रमुख सचिव

# शैलजा आचार्य कोशी प्रादेशिक अस्पताल तथा हृदय केन्द्र सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना:** नागरिकलाई सरल, सुलभ र न्यून खर्चमा विशेषज्ञ चिकित्सा सेवा एवं हृदयरोग सम्बन्धी सेवा प्रदान गर्नका लागि शैलजा आचार्य कोशी प्रादेशिक अस्पताल तथा हृदय केन्द्र सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा आवश्यक व्यवस्था गरी अस्पताललाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदायक संस्थाको रूपमा विकास गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "शैलजा आचार्य कोशी प्रादेशिक अस्पताल तथा हृदय केन्द्र सञ्चालन कार्यविधि, २०८२" रहेको छ

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अस्पताल" भन्नाले शैलजा आचार्य कोशी प्रादेशिक अस्पताल तथा हृदय केन्द्र" सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले दफा ४ बमोजिमको अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(ग) "प्रमुख" भन्नाले दफा ७ बमोजिमको अस्पताल प्रमुख सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कोशी प्रदेश सरकार अन्तर्गत स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

३. **अस्पताल सञ्चालन गरिने:** (१) यो कार्यविधिको कार्यान्वयन हुना साथ साविकको शैलजा आचार्य हृदय रोग केन्द्र रहेको स्थानमा शैलजा आचार्य कोशी प्रादेशिक अस्पताल तथा हृदय केन्द्र स्थापना गरी सञ्चालन गरिने छ।

(२) उपदफा (१) बमोजिमको अस्पतालले अनुसूची-१ बमोजिमको सेवा तत्काल सञ्चालन गर्नेछ।

(३) उपदफा (१) बमोजिमको अस्पताल प्रदेश सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गत रही सञ्चालन हुनेछ।

४. **अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धमा:** अस्पतालको सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको एक समिति रहने छ:-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) मन्त्रालयले मनोनित गरेका एकजना विशेषज्ञ चिकित्सक - सदस्य

मन्त्री

प्रदेश सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश सरकार विराटनगर, नेपाल

मन्त्री

प्रमुख सचिव

(ग) स्वास्थ्य क्षेत्रलाई विशेष योगदान दिएका व्यक्तिहरू मध्येबाट मन्त्रालयले मनोनित गरेका कम्तीमा एक महिलासहित दुई जना - सदस्य

(घ) निर्देशक, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र - सदस्य

(ङ) मन्त्रालयको अस्पताल विकास सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख - सदस्य

(च) मन्त्रालयमा कानून विषय सम्बन्धी कार्य गर्ने अधिकृत कर्मचारी - सदस्य

(छ) प्रमुख, अस्पताल - सदस्य सचिव

५. <u>अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u> (१) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने, गराउने,

(ख) अस्पतालको सञ्चालन तथा व्यवस्थापनका लागि कार्ययोजना तयार गर्ने, गराउने,

(ग) अस्पतालको दैनिक कामकारवाही सञ्चालनका लागि आवश्यक मार्गनिर्देश गर्ने, गराउने,

(घ) अस्पतालको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक साधन स्रोत जुटाउने,

(ङ) अस्पतालको दैनिक प्रशासनिक कामकारवाहीको अनुगमन गर्ने,

(च) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण गर्ने, गराउने,

(छ) अस्पतालबाट उत्पन्न हुने अस्पतालजन्य फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्ने, गराउने,

(ज) समिति अन्तर्गत रहने कर्मचारीको संख्या, नियुक्ति र सेवा सर्त सम्बन्धी मापदण्ड निर्धारण गरी स्वीकृतिका लागि मन्त्रालयमा सिफारिस गर्न निर्णय गर्ने।

(झ) नेपाल सरकारले उपलब्ध गराउने निःशूल्क तथा स्वास्थ्य बीमा कार्यक्रमले समेटेका सेवा तथा औषधीहरू अस्पतालबाट उपलब्ध हुने व्यवस्था मिलाउने,

(ञ) प्रचलित मापदण्ड अनुरूप अस्पतालबाट प्रदान गरिने सेवाको गुणस्तर कायम गर्ने, गराउने,

(ट) अस्पतालको विकास र विस्तारका लागि विभिन्न निकायसँग समन्वय तथा सहकार्य गर्ने, गराउने,

मन्त्री

प्रदेश सचिव

मन्त्री
प्रमुख सचिव

(ठ) अस्पताल सञ्चालनको अवस्थाबारे वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेस गर्ने, गराउने,

(ड) अस्पतालको सञ्चालन तथा व्यवस्थापनका लागि प्रदेश सरकार तथा मन्त्रालयले तोकेका अन्य आवश्यक कार्य गर्ने, गराउने,

(ढ) अस्पतालको सेवा शूल्क निर्धारण गरी मन्त्रालयमा स्वीकृतिका लागि सिफारिस गर्न निर्णय गर्ने।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम मनोनित सदस्यको पदावधि बढिमा तीन वर्षको हुनेछ। मनोनित सदस्यले आफ्नो जिम्मेवारी पुरा नगरेमा वा पद अनुसारको आचरण विपरीतको कार्य गरेमा निजलाई पदमुक्त गर्न सकिनेछ तर पदमुक्त गर्नुपूर्व निजलाई सफाई पेस गर्ने मौका दिइनेछ।

(३) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम मनोनित सदस्य थप एक पटकको लागि मात्र मनोनित हुन सक्नेछन्।

(४) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषेशज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठकको कार्यविधि समिति आफैले तोकेबमोजिम हुनेछ।

(६) समितिको बैठकमा उपस्थित सदस्यहरुलाई बैठक भत्ता तथा यातायात खर्च प्रचलित प्रदेश कानुन बमोजिम उपलब्ध गराउन सकिनेछ।

६. <u>दरबन्दी स्वीकृत सम्बन्धी व्यवस्था</u>: (१) अस्पताल सञ्चालनका लागि अस्पतालमा रहने कर्मचारी दरबन्दी सम्बन्धमा मन्त्रालयले प्रचलित कानून बमोजिम सङ्गठन व्यवस्थापन सर्वेक्षण गरी सिफारिस सहितको प्रतिवेदन प्रदेश सरकार समक्ष पेस गर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस गरिएको प्रतिवेदन प्रदेश सरकारबाट स्वीकृत गरिनेछ।

७. <u>अस्पताल प्रमुख तोक्ने</u>: अस्पतालको प्रमुखको रूपमा काम गर्नको लागि अस्पतालको स्वीकृत दरवन्दी भित्रको कम्तीमा नवौं तहको विशेषज्ञ चिकित्सकलाई प्रचलित प्रदेश कानून बमोजिम जिम्मेवारी तोकिनेछ।

८. <u>अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकार</u>: अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति मार्फत् मन्त्रालय समक्ष पेस गर्ने,

(ख) समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) अस्पतालको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

मन्त्री
प्रदेश सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

मन्त्री

प्रमुख सचिव

(घ) अस्पतालमा खटिएका जनशक्ति व्यवस्थापन गर्ने, गराउने,

(ङ) अस्पतालको चल अचल सम्पत्तिको संरक्षण र सम्वर्द्धन गर्ने, गराउने,

(च) अस्पतालको कामकारवाहीका सम्बन्धमा विभिन्न निकायसँग समन्वय गर्ने,

(छ) सरकारी तथा गैरसरकारी निकायले गर्ने विभिन्न प्रकारका बैठक तथा कार्यशालामा अस्पतालको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने,

(ज) प्रदेश सरकार, मन्त्रालय तथा समितिबाट निर्देशन भए बमोजिमका कार्यहरू गर्ने, गराउने,

(झ) अस्पतालको सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्न अन्य आवश्यक कार्य गर्ने, गराउने,

(ञ) प्रचलित प्रदेश कानुन बमोजिम तोकिएका कार्य गर्ने, गराउने।

९. <u>अस्पताल सञ्चालन गरिने स्थान र क्षमता</u>: (१) हाल विराटनगर महानगरपालिका, वडा नं. १० स्थित शैलजा आचार्य हृदय रोग केन्द्रको पूर्वाधार, वित्तीय स्रोत एवं जनशक्ति उपयोग गर्ने गरी अस्पताल सञ्चालन गरिनेछ।

(२) अस्पतालको न्यूनतम क्षमता पचास शैय्याको हुनेछ।

१०. <u>सेवाको विस्तार</u>: (१) अस्पतालबाट प्रदान गरिने चिकित्सकीय तथा स्वास्थ्य सेवा प्रचलित कानूनको अधीनमा रही चरणवद्ध रूपमा विस्तार गर्न सकिनेछ।

(२) अस्पतालबाट प्रदान गरिने मूख्य सेवाको विवरण अनुसूची-१ बमोजिम रहनेछ।

११. <u>जनशक्ति व्यवस्थापन</u>: देहायका जनशक्तिबाट अस्पताल सञ्चालन गरिनेछः-

(क) प्रदेश सरकारबाट स्वीकृत दरबन्दी बमोजिमको कर्मचारीबाट।

(ख) सशर्त कार्यक्रम अन्तर्गत व्यवस्थापन हुने कर्मचारीबाट।

१२. <u>लेखाङ्कन र लेखा परीक्षण</u>: अस्पतालमा हुने खर्चको लेखाङ्कन तथा लेखा परीक्षण गर्ने, गराउने दायित्व अस्पतालको हुनेछ।

१३. <u>प्रचलित कानुन बमोजिम हुने</u>: यस कार्यविधिमा लेखिएको कुरामा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित प्रदेश कानून बमोजिम हुनेछ।

१४. <u>संशोधन</u>: यस कार्यविधिको आवश्यक संशोधन वा खारेजी गर्ने अधिकार कोशी प्रदेश सरकारमा निहित रहनेछ। तर आवश्यकतानुसार मन्त्रालयले अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१५. <u>खारेजी र बचाउ</u>: (१) यो कार्यविधि लागु भए पश्चात् शैलजा आचार्य हृदयरोग केन्द्र सञ्चालन कार्यविधि, २०८० स्वतः खारेज हुनेछ।

मन्त्री

प्रदेश सचिव

कोशी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
विराटनगर, नेपाल

मन्त्री

प्रमुख सचिव

(२) अस्पतालबाट यस कार्यविधि प्रारम्भ हुनु अघि प्रचलित कानुनबमोजिम गरिएका सबै कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

१६. <u>बाधा अड्काउ फुकाउ</u>: यस कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ परेमा प्रचलित कानुनको प्रतिकुल नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

मन्त्री

प्रदेश सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश सरकार विराटनगर, नेपाल

प्रमुख सचिव

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

### प्रस्तावित सेवाको विवरण

१) बहिरङ्ग सेवा (जनरल मेडिसिन, सर्जरी, अर्थोपेडिक, बाल रोग, कार्डियोलोजी, प्रसुति तथा स्त्रीरोग, साइकियाट्री, मुख तथा दाँत सम्बन्धी)

२) अन्तरङ्ग सेवा

३) सुरक्षित मातृत्व सेवा

४) कार्डियोलोजी सेवा

५) जनरल सर्जरी सेवा

६) आकस्मिक सेवा

७) निदान तथा प्रयोगशाला सेवा

८) रेडियोलोजी सेवा

९) फार्मेसी सेवा

१०) फिजियोथेरापी सेवा

११) आधारभूत स्वास्थ्य सेवा (खोप, पोषण, परिवार योजना सेवा लगायत)

१२) मन्त्रालयले तोकेको अन्य सेवा

द्रष्टव्यः

१) बिरामीको चाप र रोगको भारका आधारमा मन्त्रालयले सेवा पुनरावलोकन गरी थप घट गर्न सक्नेछ।

२) स्त्रीरोग तथा प्रसुति सम्बन्धी सेवा र कार्डियोलोजी सेवालाई सुदृढ र विस्तार गर्न सकिनेछ।

मन्त्री

प्रदेश सचिव